आज मिति २०७८ साल श्रावण २६ गते आईतबारका दिन जिल्ला कोभिड व्यवस्थापन समितिका अध्यक्ष एवं प्रमुख जिल्ला अधिकारी श्री पिताम्बर घिमिरेज्यूको अध्यक्षतामा तपसिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा जिल्ला कोभिड व्यवस्थापन समितिको बैठक बसी निम्न बमोजिमका निर्णयहरु गरियो ।

**विशेष आमन्त्रित**

| | |
|---|---|
| प्रमुख श्री विजय कुमार सरावगी | वीरगंज महानगरपालिका, पर्सा । |
| सभापती श्री अदय द्विवेदी | नेपाली कांग्रेस, |
| अध्यक्ष श्री प्रभु हजरा | नेकपा एमाले, |
| सचिव श्री श्याम पटेल | नेपाली काग्रेस |
| प्रतिनिधि श्री रहबर अंसारी | नेकपा माओबादी केन्द्र |
| प्रतिनिधि श्री , | जनता समाजबादी पार्टी, |

**उपस्थिति**

| | |
|---|---|
| अध्यक्ष श्री पिताम्बर घिमिरे | प्रमुख जिल्ला अधिकारी, पर्सा |
| सदस्य श्री डा. उदय नारायण सिंह | नारायणी अस्पताल, बीरगंज, पर्सा |
| सदस्य श्री बेल बहादुर पाण्डे | प्रहरी उपरीक्षक, जिल्ला प्रहरी का., पर्सा |
| सदस्य श्री राजेन्द्र खड्का | स.प्र..उ., स.प्र.ब. नेपाल, पर्सा |
| सदस्य श्री टिका प्रसाद पोखरेल | उप अनु. निर्देशक, रा.अ.जि. कार्यालय, पर्सा |
| सदस्य श्री नैना बस्नेत | सेनानी (नि. गणपति), चण्डी प्रसाद गण, पर्सा |
| सदस्य श्री छविरमण भट्टराई | नि.जि.स.अ., जिल्ला समन्वय समिति, पर्सा |
| सदस्य-सचिव श्री भिमकान्त पौडेल | स.प्र.जि.अ., जिल्ला प्रशासन कार्यालय, पर्सा |

आमन्त्रित

| | |
|---|---|
| अध्यक्ष श्री अनुप तिवारी, | नेपाल पत्रकार महासंघ, पर्सा। |
| उपाध्यक्ष श्री माधव राजपाल, | बीरगंज उद्योग वाणिज्य संघ, पर्सा। |
| नि.का.प्र. श्री नवल किशोर साह, | स्वास्थ्य कार्यालय, पर्सा |
| मन्त्री श्री शैलेन्द्र कुमार चौरसिया, | नेपाल रेडक्रस सोसाइटी, पर्सा। |

## जिल्ला कोभिड व्यवस्थापन समितिको निर्णयहरु (२०७८-०४-२६)

### निर्णय नं १

जिल्लामा हाल कोभिड-१९ संक्रमणको अवस्था, यसको नियन्त्रण, रोकथाम तथा उपचार व्यवस्थापन र खोप वितरण कार्यको कार्य प्रगतिको समीक्षा गरियो ।

क) कोभिड-१९ संक्रमणको अवस्था देहाय बमोजिम रहेको :

क. संक्रिय संक्रमित संख्या : १७

ख. कूल संक्रमित संख्या : ३४७१

ग. कूल मृत्यू : १४०

घ. PCR परिक्षण : १४९६७

ख) खोप कार्यक्रमको कार्य प्रगति निम्नानुसार रहेको :

| खोपको प्रकार | पहिलो डोज | दोस्रो डोज |
|---|---|---|
| कोभिसिल्ड | ३७१३० | ९२६४ |
| भेरोसेल | ३४६३६ | ८०१२ |
| जोन्सन एन्ड जोन्सन | | ३२२२७ |
| पूर्ण खोप लगाएको संख्या | ४९५०३ | |

### निर्णय नं २

कोभिड-१९ को संक्रमण र संभावित तेश्रो लहर (Third Wave) को संक्रमण, नियन्त्रण तथा रोकथाम र उपचार व्यवस्थापनको लागि सम्बद्ध सबै निकायहरु तयारी अवस्थामा रहने । यस सम्बन्धमा देहाय बमोजिम गर्ने :

क) संक्रमणको जोखिमबाट बच्न र बचाउन जनस्वास्थ्य सुरक्षाका मापदण्डको कार्यान्वयन गर्ने गराउने । एवं परिपालनाको लागि सबैलाई अनुरोध गर्ने ।

ख) कोभिड-१९ को संक्रमणबाट जोगिन अपनाउनु पर्ने सावधानी, सतर्कता र स्वास्थ्य सुरक्षाको उपायहरु सहितका जनचेतामुलक संदेशहरु सहित आवश्यक प्रचारप्रसार गर्ने व्यवस्था जिल्ला स्वास्थ्य कार्यालय र सम्बन्धित सबै स्थानीय तहहरुले मिलाउने ।

ग) ईनर्वा सिमानाका बाट आउने यात्रुको नाकामा स्थापित हेल्थ डेस्कमा स्वास्थ्य चेकजाँच र एन्टिजेन परीक्षण गर्ने । परीक्षणको नतिजा नेगेटिभ आएमा गन्तव्यमा जान सहजीकरण गर्ने । नतिजा पोजिटिभ आएका र बिरामीलाई आवश्यकता अनुसार आईसोलेसन केन्द्र र अस्पतालमा उपचारको व्यवस्था मिलाउने । यस कार्यलाई थप प्रभावकारी बनाउने । नाकाबाट आउने यात्रुको अभिलेख व्यवस्थित गर्ने । आवागमनमा थप कडाई गर्ने ।

घ) मिति २०७८-०४-२३ गते देखि २०७८-०४-२९ गते सम्मको सप्ताहव्यापी मास्क अभियानको उपलक्ष्यमा उचित तरिकाले मास्क लगाउने तरिका सिकाउँदै सार्वजनिक स्थलमा मास्क वितरण लगायतका कार्यहरु गर्ने ।

ङ) मास्क नलगाई सार्वजनिक स्थलमा हिड्ने एवं स्वास्थ्य सुरक्षाको मापदण्ड पालना नगर्नेलाई आवश्यकता अनुसार नियमानुसार जरिवाना गर्ने ।

**निर्णय नं ३**

कोभिड-१९ को परीक्षणको दायरा बढाउँने । स्वास्थ्य कार्यालय र सबै स्थानीय तहहरुले Case Investigation and Contract Tracing(CICT) लाई थप प्रभावकारी बनाउने ।

**निर्णय नं ४**

कोभिड-१९ को संभावित तेश्रो लहरलाई मध्यनजर राखी सबै स्थानीय तहहरुले कोभिड-१९ अस्पताल र आईशोलेसन केन्द्रहरुलाई पुन: तयारी अवस्थामा राख्ने व्यवस्था मिलाउने ।

**निर्णय नं. ५**

कोभिड-१९ को संभावित तेश्रो लहरलाई मध्यनजर राखी कोभिड डेडिकेटेड एन.एम.सी. बाबा अस्पताल, नारायणी अस्पताल र जिल्ला स्थित अन्य निजी अस्पताल एवं स्वास्थ्य संस्थाहरुले बिरामीको उपचारको लागि आवश्यकता अनुसार तयारी अवस्थामा रहने ।

**निर्णय नं. ६**

सरकारी/सार्वजनिक, गैरसरकारी एवं निजी कार्यालय/निकायहरुले सेवा प्रवाह एवं पेशा व्यवसाय संचालन गर्दा सरकारबाट जारी जनस्वास्थ्य सुरक्षाका मापदण्डहरुको परिपालना गर्ने गराउने । DCMC बाट यसको नियमित अनुगमन गर्ने ।